आँबुखैरेनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आँबुखैरेनी, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

पत्र संख्या: २०८१/०८२
चलानी नं.:

## दरभाउपत्र पेश गर्ने सम्बन्धी सार्वजनिक सूचना

प्रथम पटक सूचना प्रकाशन मितिः २०८१/१०/२७

आँबुखैरेनी गाउँपालिका पशु सेवा शाखा आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार आँबुखैरेनी गाउँपालिका भित्रका सामुदायिक तथा घरपालुवा कुकुरहरुमा बन्ध्याकरण कार्यक्रम संचालन गर्न ईच्छुक कानुन बमोजिम दर्ता भएका फर्म वा पशु कल्याण कार्यमा संलग्न गैर सरकारी संस्थाहरुबाट तपशिल बमोजिमको कागजात सहित १५ दिन भित्र अंर्थात मिति २०८१/११/१२ गते भित्रमा आँबुखैरेनी गाउँपालिका पशु सेवा शाखामा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

| कार्यक्रम | संचालन गरिने क्रियाकलाप |
|---|---|
| सामुदायिक कुकुरहरुको बन्ध्याकरण शिविर कार्यक्रम | • सामुदायिक कुकुर संकलन<br>• भाले पोथी कुकुरहरुको स्थायी बन्ध्याकरण<br>• आन्तरिक तथा वाह्य परजिवि विरुद्धको औषधी<br>• रेविज विरुद्धको भ्याक्सिनेशन<br>• सामुदायिक कुकुरहरुको पुनःसामाजिकिकरण |

तपशिलः

- दरभाउपत्र पेश गर्ने संस्थाले अनिवार्य रुपमा पेश गर्नु पर्ने कागजातहरुः प्रति कुकुर बन्ध्याकरण वापतको रकम खुलेको निवेदन ,संस्था दर्ता प्रमाणपत्र ,संस्था नविकरण प्रमाणपत्रको प्रतिलिपि ,प्यान नम्बर वा मु.अ.कर दर्ता प्रमाणपत्र , गत आ.व. मा राजश्व तिरेको प्रमाणपत्रको प्रतिलिपि ।
- आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट बुझिने गरी लेखी पेश गर्नु पर्नेछ ।केरमेट गरेको दररेट मान्य हुने छैन ।
- कुकुर बन्ध्याकरणका लागि कुकुर संकलन, आवश्यक औषधी ,भ्याक्सिन , बन्ध्याकरणका लागि आवश्यक सामाग्री , भाले पोथी कुकुरको स्थायी बन्ध्याकरण , रेविज विरुद्धको भ्याक्सिनेशन , आन्तरिक तथा वाह्य परजिवि विरुद्धको सुई साथै बन्ध्याकरण गरिएका कुकुरहरुको पुनः सामाजिकिकरण लगायतका सम्पुर्ण व्यवस्था संस्था वा फर्म स्वंमले गर्नु पर्नेछ ।
- कुकुर बन्ध्याकरणका लागि दक्ष पशु चिकित्सक तथा पशु सेवा प्राविधिकको विवरण अनिवार्य पेश गर्नु पर्नेछ ।
- कार्यालयले भुक्तानी गर्दा सम्झौताको शर्तको अधिनमा रहि प्रति कुकुर बन्ध्याकरण वापतले हुन आउने जम्मा रकममा नियमानुसार कर लाग्ने भए सो कर कट्टी गरि भुक्तानी गरिनेछ ।
- कार्यक्रम अवधि लगायत अन्य विषय सम्झौतामा तोके बमोजिम हुनेछ ।

थप जानकारीका लागिः ९८४९९१२५१४,, ९८४२१५८१५५ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

विष्णु प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत